# भाग ४

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

कानून तथा न्याय मन्त्रालयका सचिव श्री ईश्वरबहादुर श्रेष्ठ २०४५।८।२० देखि २४ गतेसम्म स्वीजरल्याण्डको जेनेभामा हुने "मानव अधिकारका धारणासम्बन्धी अन्तर्राष्ट्रिय गोष्ठी" मा भागलिन जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव डा.गजेन्द्रमणि प्रधानलाई मिति २०४५।८।१९ देखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना २

श्री ५ को सरकारले मिति २०४५।८।१ को निर्णयानुसार पञ्चायत तथा स्थानीय विकास मन्त्रालयका कायम मुकायम सचिव श्री भक्तबहादुर कोइरालालाई गृह मन्त्रालयको सचिव पदमा कायम मुकायम मुकरर गरी सरुवा गरेको छ ।

### सूचना ३

श्री ५ को सरकारले मिति २०४५।८।१ को निर्णयानुसार सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहका अतिरिक्त सचिव श्री धर्मबहादुर थापालाई निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी पञ्चायत तथा स्थानीय विकास मन्त्रालयको सचिव पदमा कायम मुकायम मुकरर गरेको छ ।

### सूचना ४

श्री ५ को सरकारको मिति २०४५।८।८ को निर्णयानुसार सञ्चार मन्त्रालयका अतिरिक्त सचिव श्री जीतबहादुर मानन्धरलाई निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी विशेष प्रहरी विभागको मुख्य अधिकृत (नेपाल प्रशासन सेवाको विशिष्ट श्रेणीको) पदमा कायम मुकायम मुकरर गरेको छ ।



२६६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।